# नरैनापुर सवडिभिजन वन कार्यालय, जमुनी

नरैनापुर, बाँके




## १. भवनको विवरणः

- साविक को पण्डितपुर ई.व.का. नरैनापुर ४ स्थित वनको आफ्नै भवन सशस्त्र प्रहरी सिमा सुरक्षा वल नरैनापुरलाई पुरै जग्गा समेतको क्षेत्रफल उपयोग गर्न दिईएको रहेछ ।
- हाल उक्त क्षेत्रफलको आधा सव डिभिजन वन कार्यालयले उपभोग गर्ने गरी छुट्याईएको छ । कुनै प्रकारको संरचना वनाइएको छैन ।
- अफिस तथा आवास सञ्चालनको लागि २ वटा कोठाको घर भाडामा लिईएको छ ।
- 

## २. कर्मचारी विवरण जिम्मेवारी बाँडफाँड कैफियतः

दरवन्दी अनुसार हुनुपर्ने र हाल भएको कर्मचारीको विवरणः

- कार्यालय प्रमुख १ (अधिकृत स्तर सातौं तथा आठौं), रेञ्जर १, फरेष्ट्रर १ जना, वन रक्षक ६ जना गरी जम्मा ९ जना हुनुपर्नेमा तर हाललाई कार्यालय प्रमुखः- रेञ्जर स्तरको कर्मचारीलाई अर्को व्यवस्था नभए सम्म कामकाज गर्न खटाईएको, फरेष्ट्रर १ जना, वन रक्षक ४ जना गरी जम्मा ६ जना कर्मचारीहरुले निरन्तर प्रभावकारी सेवा प्रवाह गरीरहेको ।
- **यस सवडिभिजन वन कार्यालयको कार्यक्षेत्रको सिमाना भारतको सिमा क्षेत्रसंग वढि रहेको हुनाले कानुनी कार्य सम्पादन गर्न वनको तर्फवाट हतियार सहितको सुरक्षा निकायको व्यवस्था हुनसके सहज हुने ।**

३. सार्वजनिक सेवा प्रवाह

- सार्वजनिक सेवा प्रवाह छिटो छरितो सम्पादन गर्न कर्मचारीलाई अफिसमै बस्ने व्यवस्था मिलाइएको ।
- सार्वजनिक सेवालाई छिटो र छरीतोको माध्यमको रुपमा इमेल, इन्टरनेट र मेसेन्जरको प्रयोग गरी सेवा प्रवाह गरिएको ।

४. बैठक/छलफल

- फिल्डमा आवश्यकता अनुसार औपचारिक अनौपचारिक बैठक, छलफलहरु सार्वजनिक भवन, स्थानिय निकायका भवन तथा विधालयहरुमा संञ्चालन गरी समस्याहरुको समाधान गर्ने गरेको ।

**५. सवारी साधनः**

- सवारी साधन १ थान १२५ सि.सि. का. होण्डा कम्पनीको सरकारी मोटरसाइकल रहेको ।
- कार्यक्षेत्रको क्षेत्रफलको फैलावट संगै सामाजिक, धार्मिक तथा भौगोलिक अवस्था अनुसार कम्तिमा १ वटा पक्की भवन, सशस्त्र वन सुरक्षा टोली र थप सरकारी सवारी साधन हुनुपर्ने ।